
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ जेठ २९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 12 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८४

## डिभिजन वन कार्यालय रौतहटमा साठी लाख रुपियाँ हिनामिना

प्रस, रौतहट, २८ जेठ/

डिभिजन वन कार्यालय, रौतहटका प्रमुख र लेखापालको मिलेमतोमा साठी लाख रुपियाँ हिनामिना भएको आरोप लगाउँदै कर्मचारीहरू नियमित काम छोडेर आन्दोलनमा उत्रेका छन् ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत वन अधिकृत, रेन्जर, फरेस्टर, वनरक्षक, जम्दारलगायतले पाउनुपर्ने सेवा सुविधा बापत कट्टी गरिएको करीब ६० लाख रुपियाँ सम्बन्धित खातामा जम्मा नगरी वन प्रमुख अमरदेव यादव र तत्कालीन लेखापाल नीलबहादुर रायमाझीको मिलेमतोमा हिनामिना भएको आरोप लगाउँदै त्यहाँ कार्यरत कर्मचारी आन्दोलनमा उत्रेका हुन् ।

१ वर्ष ८ महीनादेखि सञ्चय कोष, नागरिक लगानी कोष, बीमा तथा सामाजिक सुरक्षा कर कट्टी रकम प्रमुख यादव र लेखापाल रायमाझीले दाखिला नगरेको भन्दै आन्दोलनमा उत्रनुपरेको कर्मचारीले बताए ।




वन कार्यालयमा कार्यरत ११० जना कर्मचारीको सेवा सुविधाबापत कट्टी भएको करीब ६० लाख रुपियाँ कोष दाखिल भएको छैन ।

कर्मचारीले पाउने सेवा सुविधा अन्तर्गतको उक्त रकम जबसम्म दाखिल हुँदैन, काममा नफर्कने जुनियर वन प्राविधिक सङ्घ रौतहटका अध्यक्ष विजयलाल दत्तले बताए ।

वन अधिकृत विमल ठाकुरका अनुसार कर्मचारीले पाउनुपर्ने सेवा सुविधा डिभिजन वन प्रमुखलाई अवगत गराउँदा समेत बेवास्ता गरेको कारण प्रमुखको पनि मिलेमतो रहेको शङ्का व्यक्त गरे ।

डिभिजन वन कार्यालय, चन्द्रनिगाहपुरका प्रमुख अमरदेव यादवले लेखापाल नीलाबहादुर रायमाझीले कर्मचारी सञ्चय कोषमा रकम जम्मा नगरिदिंदा समस्या आएको बताए । मेरो कुनै मिलेमतो छैन, उनले बताए ।

कैयौं पत्रपत्रिकाको रकमसमेत निकाली प्रमुख यादव र लेखापाल रायमाझीले हिनामिना गरेको सञ्चारकर्मीले बताएका छन् ।

## ५ महिलासहित १०१ ले गरे रक्तदान

प्रस, वीरगंज, २८ जेठ/

बाराको परवानीपुर गाउँपालिका–५ नौतन–बहुअरीमा शनिवार भएको


तस्वीरः प्रतीक

रक्तदान कार्यक्रममा पाँच महिलासहित १०१ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डले बताए ।

स्वच्छ समाज युवा क्लब नौतन बाराले शिव–पार्वती तथा श्री रामजानकी मन्दिरमा आयोजना गरेको कार्यक्रममा राजेश्वर दास, नीरजकुमार साह, ओमप्रकाश महतो, हरिशङ्कर साह, रितेश पटेल, राजेश दास, राजकुमार सिंह, मुकेशसाह कानू, रामजी दास, विजय कुमार साह, अनिलप्रसाद कुर्मी, संदिप कुमार साह, ललितादेवी, सञ्जितादेवी, बबितादेवी, सवितादेवी, अनिलकुमार साह, सुरज साह, नूरअहमद आलम, राजेश पटेल, दिपेश सहनीलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

सञ्जु साहको अध्यक्षता र सङ्घीय सरकारको वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको थियो । प्रमुख अतिथि मन्त्री यादवले रक्तदान संसारकै सबैभन्दा ठूलो सामाजिक कार्य भएको हुनाले यस्ता कार्यक्रममा सहभागिता जनाउन सबैलाई आग्रह गरे ।

कार्यक्रममा नेपाल बार एसोसिएशनका पूर्व केन्द्रीय उपाध्यक्ष रामचन्द्र सिंह, अजय पटेल, रामेश्वरसाह कलवार, आनन्द यादव, डा. प्रमोद यादव, क्लबका अध्यक्ष भुपेन्दर पटेललगायत उपस्थित थिए ।

कार्यक्रमको सहजीकरण त्रिलोक प्रताप सिंहले गरेका थिए ।

## क्रियाशील युवा पत्रकार मञ्चको अध्यक्षमा पुनः प्रणय साह

प्रस, वीरगंज, २८ जेठ/

क्रियाशील युवा पत्रकार मञ्च पर्साको पहिलो साधारणसभाबाट प्रणय कुमार साह पुनः अध्यक्षमा सर्वसम्मत चयन भएका छन् ।


तस्वीरः सौजन्य

नेपाल पत्रकार महासङ्घको सभाहलमा शनिवार सम्पन्न प्रथम साधारणसभाबाट नेपाल पत्रकार महासङ्घको प्रदेशसभा सदस्यसमेत रहेका साहलाई पुनः नेतृत्व गर्ने जिम्मेवारी दिइएको हो ।

साहको अध्यक्षतामा गठित नयाँ कार्यसमितिको उपाध्यक्ष आनन्द पटेल, महासचिव वीरेन्द्र साह, सचिव अरविन्द पटेल, कोषाध्यक्ष उपेन्द्र बरै पुनः दोहोरिएका छन् ।

सदस्यहरूमा आदित्य शर्मा, प्रियाकुमारी थारू, ओमप्रकाश सर्राफ, नीलम चौधरी, सुनील ओझा र कन्हैयालाल वर्णवाल रहेका छन् ।

मञ्चको प्रथम साधारणसभालाई सम्बोधन गर्दै वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षकहरूद्वारा तालीम एवं प्रशिक्षणको व्यवस्था गर्ने प्रतिबद्धता गरे ।

समाज विकासमा पत्रकारको महत्त्वपूर्ण भूमिका हुने बताउँदै नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्यसमेत रहेका डा. गुप्ताले क्रियाशील युवा पत्रकार मञ्चले समाज परिवर्तनका लागि कलम चलाउने विश्वास व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जाराले पत्रकारिता पेशाको प्रवर्द्धनका लागि युवाहरू सक्रिय हुनुपर्ने बताए । जोश र जाँगरसहित युवाहरूको पत्रकारिता क्षेत्रमा टडकारो अवस्था देखिएकोले युवाहरू नै क्रियाशील भएकोमा सराहना गर्दै समाजका विकृति–विसङ्गतिविरुद्ध आवाज उठाउन आग्रह गरे ।

कार्यक्रममा पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, नागरिक समाजका अगुवा प्राध्यापक डा. दीपक शाक्य, जिल्ला प्रशासन कार्यलय पर्साका प्रशासकीय अधिकृत विनय श्रीवास्तव, मञ्चका कानूनी सल्लाहकार अधिवक्ता हरिहरप्रसाद साह, समाजवादी प्रेस सङ्गठन पर्साका अध्यक्ष मनोज पटेललगायतले नयाँ कार्यसमितिलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

## हतियार र लागू पदार्थसहित तीनजना पक्राउ

प्रस, रक्सौल, २८ जेठ/

भारत, बिहार आदापुरस्थित श्यामपुर बजारबाट तीनजना पक्राउ परेका छन् ।


तस्वीरः प्रतीक

गुप्त सूचनाको आधारमा प्रहरीले श्यामपुर बजारस्थित सिनेमा हलबाट तीनजनालाई हातहतियार र लागू औषधसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारत, बिहार मोतिहारी निवासी ४५ वर्षीय रतन शर्मा, २२ वर्षीय सुनील पासवान र रघुनाथपुर निवासी २२ वर्षीय राजकुमार साह छन् ।

उनीहरूबाट एउटा पिस्टल, त्यसमा लाग्ने ८ थान गोली र ९५ ग्राम ब्राउन सुगर बरामद भएको छ ।

## ड्राइफ्रुटको दाम किलोमा ३ सय महँगो हुने

प्रस, परवानीपुर, २८ जेठ/

आगामी वर्षको आर्थिक अध्यादेशबाट सरकारले ड्राइ फ्रुटमा अन्तःशुल्क ५ प्रतिशतबाट १५ प्रतिशत पुऱ्याएपछि बजार मूल्य थप उकालो चढ्न थालेको छ । आयातमा शतप्रतिशत मार्जिनको व्यवस्थाको प्रभावस्वरूप एक महीना अघि मात्र ड्राइ फ्रुटको मूल्य किलोमा दुई सय रुपियाँसम्म महँगिएको थियो । अहिले पुनः अन्तःशुल्क वृद्धिका कारण किलोमा तीन सयले मूल्य बढ्ने व्यवसायीको अनुमान छ ।

अर्थमन्त्री जनार्दन शर्माले जेठ १५ मा सार्वजनिक गरेको बजेटमा विलासी वस्तुमा कर वृद्धिको घोषणा गरेका थिए । जस अनुरूप आर्थिक अध्यादेशबाट ड्राइफुटमा अन्तःशुल्क बढाएका हुन् । काजु, नरिवल, बदाम, ओखर, पिस्ता, मरिच, कालो मरिचलगायत ड्राइ फ्रुट तथा मरमसलामा प्रयोग हुने सामग्रीहरूको अन्तःशुल्क ५ बाट १० थपेर १५ प्रतिशत पुऱ्याइएको हो । यस्तै दालचिनीलगायत वस्तुमा १० प्रतिशत पुऱ्याइएको छ ।

केही महीनादेखि बढ्दै गएको ड्राइफ्रुटको दाम अब झन् बढ्ने बताइएको छ । बजेट सार्वजनिक भएलगत्तै बजारमा ड्राइफ्रुटको थोक मूल्य बढ्न थालेको खुद्रा व्यापारीहरूले बताएका छन् ।

खाद्यान्न आयातकर्ता तथा वीरगंज घर भई हाल काठमाडौंमा व्यवसाय गरिरहेका व्यवसायी ओमप्रकाश मोरकाले पहिले चाडपर्वको समयमा मात्र ड्राइफ्रुटको माग र मूल्य बढ्ने गर्थ्यो, अहिले बजेट भाषणको कारण बजारमा यी वस्तुको दाम बढेको बताए । उनले सरकारले बढाएको राजस्वको कारण व्यवसायीको कारोबारमा असर पर्ने बताए । शरीरका लागि पौष्टिक खाद्य मानिएको ड्राइ फ्रुटमा राजस्व थप्दा वैधानिकभन्दा अवैधानिक बाटोबाट यसको कारोबार बढ्ने मोरको आशङ्का छ । अर्थात् भन्सार नाकाभन्दा तस्करीको बाटो यी वस्तु नेपाल भित्रिने आशङ्का बढेको छ ।

व्यवसायीका अनुसार युक्रेन– रूस द्वन्द्वका कारण विश्व बजारमा थुप्रै खाद्य वस्तुको मूल्य आकाशिएको अवस्थामा ड्राइ फ्रुटको भाउ तीन महीना अघिदेखि बढ्न शुरू भएको थियो । काठमाडौं,



पोखरा र चितवनलगायत जिल्लाका शहरी क्षेत्रमा ड्राइफ्रुटको माग उच्च छ । अहिले बजारमा काजु प्रतिकेजी १५ सय र ओखर ५ सय ५० रुपियाँ छ । अब भने यसमा मूल्य बढेर आउने छ ।

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म
२०२८/१२/०१

स्वर्गारोहण
२०७८/०३/२३

हाम्रा आत्मीय मित्र **राकेशकुमार गुप्ता (सञ्चालक, गुप्ता एन्ड सन्स, वीरगंज)**को असामयिक निधन भएको प्रथम पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**आलोक दत्त / नेहा दत्त**
**मदन रौनियार / गोमा रौनियार**
**राकेश अधिकारी / मृदुला अधिकारी**
**सञ्जु गुप्ता / सुम्मी गुप्ता**
**गोविन्द रौनियार / प्रतिमा रौनियार**

## विचारसार र सूक्तिहरू

**जहाँ शिक्षा र समाचार पुग्दैन, त्यो गाउँको योजनालाई प्राथमिकता दिनुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अर्थतन्त्रका अन्योल : नीति र नियतमा विरोधाभास

कोरोना महामारी उत्कर्षमा रहँदा घटेको बजार महामारी मत्थर हुँदैजाँदा लयमा मात्र फर्किएन, यसले महँगी पनि ह्वात्तै बढायो। यसले विश्वका शक्तिशाली अर्थतन्त्रलाई झटका दिएको छ । हाम्रोजस्तो आयातको भरमा गुजारा चलाइराखेका देशलाई यो सकसको कारण बनेको छ । महामारीका बेला उत्पादन घट्नु र अहिले बजारमा माग बढ्दा मूल्यमा चाप बढ्नु स्वाभाविक हो। यसबीच रूस र युक्रेनबीच युद्धको असर विश्वकै अथतन्त्रले सामना गरिराखेको छ। इन्धनको भाउ बढेको छ भने खाद्यान्न अभावको जोखिम देखिएको छ । यी परिदृश्यलाई दृष्टिगत गर्दै विश्व अर्थतन्त्रमा १ प्रतिशत बिन्दु कमी आउने अनुमान विश्व बैंकले गरेको छ। नेपालको अर्थतन्त्र चालू आर्थिक वर्ष २०७८–७९ मा ३ र आगामी वर्ष २०७९–८० मा ४ प्रतिशतको हाराहारीमा रहने अनुमान बहुपक्षीय निकायहरूले गरेका छन् । उत्पादन र आपूर्तिमा देखिएको असन्तुलनले विश्वकै शक्तिशाली अर्थतन्त्र धर्मराइराखेको अवस्थामा अरूमाथि अति निर्भर हाम्रोजस्तो अर्थतन्त्र भने आगामी वर्ष ८ प्रतिशतले बढ्ने सरकारी अनुमान छ । यसलाई पत्याउने भरपर्दो आधार फेला पार्न सकिएको छैन ।

कोरोना महामारीबाट थलिएको अर्थतन्त्रलाई लयमा ल्याउने योजना त परको कुरा सुधारका नाममा जथाभावी नियन्त्रण र स्वार्थ समूहबाट परिचालित राजस्व नीतिले अर्थ व्यवस्थालाई धराशायी बनाउने खतरा नजीकिएको छ । अर्थतन्त्रको मुख्य सहयात्री निजी क्षेत्र अहिले सरकारी नीतिको विरोधमा उत्रिएको अवस्था छ । उत्पादन र व्यापारमा लाग्नुपर्ने निजी क्षेत्र काम छोडेर सडकमा आइराखेको दृश्यमा कस्तो खालको आर्थिक अभिवृद्धिको कल्पना गर्न सकिएला ? विश्वका मुख्य आर्थिक शक्तिहरूको आर्थिक गतिविधि सुस्त भएको अवस्थामा हाम्रो अर्थतन्त्र तीव्र गतिमा अघि बढ्ने आधार के ? यसका लागि सरकारले केकस्ता विशेष नीतिगत व्यवस्था गरेको छ ? यसको जवाफ सरकारसँग छैन । अर्थतन्त्रको चालक निजी क्षेत्र हो। सरकारले अर्थतन्त्रलाई दौडाउने राजमार्ग (नीतिगत पूर्वाधार)लाई सहज बनाइदिए निजी क्षेत्रले अर्थतन्त्रका अवयवहरूलाई सही दिशा र गति दिन सक्दछन् । निजी क्षेत्रले सबै काम गर्न सक्दैन। निजी क्षेत्रको क्षमताले नभ्याउने काम सरकारको एउटै नीतिगत प्रयासबाट सम्भव हुन सक्दछ। अहिले त सरकारले तयार पारेको बाटो सच्याउनुपर्ने माग गर्दै निजी क्षेत्र प्रदर्शनमा छ । यस्तो परिस्थितिमा देशमा कस्तो अर्थतन्त्र निर्माण होला ?

सरकार अर्थतन्त्रमा सङ्कट देखिएको भन्दै आयातलगायत नियन्त्रणका अन्य उपकरण प्रयोगमा तल्लीन छ। अर्कातिर सरकारले अगामी वर्षका लागि हालै

**समयान्तर**



**ओमप्रकाश खनाल**
omkhanal@gmail.com

> **खाद्यान्नमा आत्मनिर्भरता र जलविद्युत् खपतको रणनीतिक योजना बनाउने हो भने आयात करीब आधामा झार्न सकिन्छ । यसका लागि उत्पादनमैत्री नीति प्राथमिक शर्त हुनेछ । भन्सारमा छेको हालेर आएको आम्दानीबाट गुजारा चलाउने मनोविज्ञान रहेसम्म यो सम्भव छैन ।**

सार्वजनिक गरेको बजेटमा सङ्कटको सङ्केतसम्म देख्न पाइएको छैन। सरकारले ल्याएका वितरणमुखी र लोकरिझ्याइँका कार्यक्रम हेर्दा अर्थतन्त्रमा रत्तिभर सङ्कट नभएको भान हुन्छ । यो विरोधाभास नेतृत्वको असली चरित्र हो । हाम्रो आर्थिक, सामाजिक र राजनीतिक परिदृश्य परिष्कृत हुन नसक्नुको मूल कारण नै आचारण र व्यवहारमा बारम्बार प्रकट हुँदै आएको यही दोहोरो कार्यशैली हो ।

सरकारले अर्थतन्त्र सुधारका लागि अनेक काम गर्नुपर्ने देखिएको छ। बढ्दो आयात प्रतिस्थापन गर्न उत्पादनमा जोड दिनुपर्दछ। स्वदेशी उत्पादनमा जोड दिने खालका कार्यक्रमलाई प्रोत्साहन दिनुपर्दछ। यसमा सरकारको नियत असल हुनु अनिवार्य छ । अहिलेका लागि आयात प्रतिस्थापन नै निर्यातजस्तै हो । कृषि उपज र पेट्रोलियमलाई पहिलो चरणमा आयात प्रतिस्थापन गर्नुपर्दछ। कृषिप्रधान देश हुनु र जलविद्युत्को सम्भावना यसको बलियो आधार हो । पहिलो चरणमा आयात प्रतिस्थापनमा जोड दिएर दोस्रो चरणमा निकासीमा बल लगाउन सकिन्छ। अहिलेको निकासी नाम मात्र छ। असली मूल्य अभिवृद्धिमा आधारित उत्पादनको निकासी हुन सकेमात्रै त्यसको अर्थ रहन्छ । जस्तै सिमेन्ट, कपडा, विद्युत्, खाद्यान्नमा बढी मूल्य अभिवृद्धि हुन सक्दछ । कस्ता उत्पादलाई अघि बढाउने र कस्तालाई छोड्ने, त्यसको कठोर समीक्षा र निक्र्योल हुनुपर्दछ । स्वदेशी कच्चा पदार्थमा आधारित र छिमेकी देशभन्दा कम लागतमा उत्पादन गर्न सकिने उत्पादनमा गयौं भने मात्रै त्यो अर्थतन्त्रको स्वास्थ्यका निम्ति लाभदायी हुनेछ। बाहिरबाट कच्चा पदार्थ भित्र्याएर यहाँ प्याकेजिङबाट हुने झिनो मूल्य योगदानको अर्थ छैन।

सरकार सुधारका पक्षमा भन्दा पनि भन्सारबाट उठ्ने राजस्वबाट साधारण खर्च चलाउने नियतमा खुम्चिएको भान हुन्छ। आन्तरिक उत्पादन अभिवृद्धि गरेर अर्थ व्यवस्थालाई बलियो बनाउन त काम गर्नुपर्दछ। काम सहज हुँदैन, काम जहिले पनि कठिन र चुनौतीले भरिएको हुन्छ। सरकार त्यो चुनौती उठाउने कठिन बाटोभन्दा, आयातित वस्तुमा राजस्व उठाउने सजिलो बाटोमा, अघि बढेको प्रस्ट छ । सरकार एकातिर अर्थतन्त्र अप्ठेरोमा परेको भन्दै आयातमा अंकुश लगाइराखेको छ, अर्कोतिर स्वदेशी उद्योगले उपयोग गर्ने कच्चा पदार्थका राजस्वका दर बढाउने र आयातित वस्तुको राजस्व घटाउनेजस्तो आत्मघाती नीति लिएको छ। यतिसम्म कि सरकार व्यापारिक स्वार्थ समूहको प्रभावमा यस्ता काममा उद्यत भएको आरोप लागेको छ। यस्तो हो भने अर्थतन्त्रको उँधोगतिको मुख्य मतियार त सरकार नै हो । यो सरकारले देश र जनतामाथि गरेको अपराध हो ।

आन्तरिक उत्पादनमा अपेक्षित सुधार हुन सकिराखेको छैन। आपूर्तिजति आयातको भरमा चलेको छ । यसले वैदेशिक व्यापारमा आयातको परिमाणलाई बढाएको छ। व्यापारघाटा बढेकोबढ्यै छ। चालू आर्थिक वर्ष २०७८–७९ को १० महीनाको व्यापार समीक्षा अवधिको तुलनामा ३०.५ प्रतिशतले बढेको छ । बढ्दो माग र मूल्यवृद्धिले पनि व्यापारघाटा र विदेशी मुद्रा सञ्चितिमा भार थपिएको छ। नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा विदेशी मुद्राको सञ्चिति १८.३ प्रतिशतले घटेको देखिएको छ। २०७८ असारमा १२ खर्ब ४४ अर्ब ६३ करोड रुपियाँ रहेको यस्तो सञ्चिति २०७९ वैशाखमा १० खर्ब १७ अर्ब २७ करोड रुपियाँमा झरिसकेको छ। कुनै समय १३–१४ महीनाको आयात धान्न सक्ने सञ्चिति अहिले ६.५७ महीनाको मात्रै वस्तु तथा सेवा आयात गर्न पुग्ने राष्ट्र बैंकको तथ्याङ्क छ। निर्यात व्यापार नाममात्रको भएको अवस्थामा हाम्रो विदेशी मुद्रा भित्रिने मूल आधार भनेको विप्रेषण हो । तर रोजगारमा विदेश जानेको सङ्ख्या १८५ प्रतिशतले बढे पनि विप्रेषणको आप्रवाह १.६ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ । यस्तो आय १० महीनामा ६ अर्ब ७५ करोड डलरमा सीमित भएको छ। गत आर्थिक वर्षको समीक्षा अवधिमा विप्रेषण आप्रवाह १६ प्रतिशतले बढेको थियो।

खबौंमा आउने विप्रेषणमा एक आध प्रतिशत घटबढ चिन्ताको विषय होइन। विप्रेषणमा झिनो उतारचढावले अर्थतन्त्र नै धरमराउने पनि होइन । चिन्ताको विषय त उत्पादनका आयामहरूको शिथिलता र आयातमा आधारित उपभोग परिपाटी हो। अर्थतन्त्रलाई बलियो बनाउने हो भने आन्तरिक उत्पादन बढाउनुको विकल्प छैन। स्वदेशमैं उत्पादन फराकिलो हुँदा व्यापार घाटा साँघुरिन्छ । यसले आयातका लागि विदेशी विनिमय व्यवस्थापनको दबाबमात्र कम गर्दैन, निर्यात बढाउन सकियो भने विदेशी मुद्राको आप्रवाह बढ्ने आधार निर्माण हुन सक्दछ । स्वदेशमा उत्पादन बढ्दा रोजगारका लागि विदेशी भूमिमा पसिना बगाउनुपर्ने र उपभोगका लागि विप्रेषणको मुख ताक्नुपर्ने बाध्यताको अन्त्य हुन सक्दछ । अहिले रूस–युक्रेन युद्धका कारण विश्वभर खाद्यान्न सङ्कटको त्रास बढेको छ । यो हाम्रो लागि खाद्यान्नमा आत्मनिर्भर हुने अवसर पनि हो, यसलाई कसरी उपयोग गर्ने ? त्यो सरकारी तत्परता र नीतिगत प्रबन्धमा भर पर्ने कुरा हो। निकासी गर्न नसकिए पनि अहिलेका लागि कम्तीमा आधारभूत खाद्यान्नमा मात्रै आफूलाई आत्मनिर्भर बनाउने हो भने पनि वर्षमा सवा ३ खर्ब रुपियाँ बाहिर जानबाट रोकिन्छ । यो रकम अहिलेको कुल वैदेशक व्यापारको एक चौथाई हो ।

खाद्यान्नमा आत्मनिर्भरता र जलविद्युत् खपतको रणनीतिक योजना बनाउने हो भने अहिले भइरहेको आयात करीब आधामा झार्न सकिन्छ। यसका लागि उत्पादनमैत्री नीति प्राथमिक शर्त हुनेछ । भन्सारमा छेको हालेर आएको आम्दानीबाट गुजारा चलाउने मनोविज्ञान रहेसम्म यो सम्भव छैन ।

# कर्मबन्धनबाट मुक्तिको मार्ग हो निष्काम कर्म

कर्म नै जीवनको आधार हो । कर्म नै सृष्टिको आधार हो । अतः कर्मविना जीवन र जगत्को कल्पना गर्न सकिंदैन। त्यसो भए कर्म नगरी कसरी रहन सकिन्छ ? स्वयं ईश्वर पनि कर्मरहित छैनन्। कर्मको ठूलो महिमा छ, किनभने कर्म बन्धनको कारण पनि हो र बन्धनबाट मुक्तिको कारण पनि । अशुभ कर्म बन्धनको कारण हो भने शुभ कर्म बन्धनबाट मुक्तिको कारण हो। सकाम कर्म बन्धनको कारण हो भने निष्काम कर्म बन्धनबाट मुक्तिको कारण हो । आसक्तिपूर्ण कर्मले हामीलाई दुःखको दुष्कर बन्धनमा बाँध्छ, जन्म–मृत्युको बन्धनमा बाँध्छ भने अनासक्त कर्मले सबै प्रकारको बन्धनबाट मुक्त गरिदिन्छ । सबै प्रकारको द्वन्द्वबाट मुक्त गर्छ र जीवन मरणको बन्धनबाट पनि मुक्त गर्छ ।

> **यदि हामी आफ्नो जीवनमा शाश्वत सुख र शान्ति चाहन्छौं, लौकिक र पारलौकिक जीवन, भौतिक र आध्यात्मिक जीवनमा खुशीको रङ्ग भर्न चाहन्छौं र जीवनको परम लक्ष्य प्राप्त गर्न चाहन्छौं भने सतत् निष्काम, अनासक्त कर्म गर्दै कर्मबन्धनबाट मुक्त रहनुपर्छ।**




यदि हामी आफ्नो जीवनमा बन्धनबाट मुक्त रहन चाहन्छौं, द्वन्द्वबाट मुक्त रहन, दुःखबाट मुक्त रहन र सदा आनन्दित रहन चाहन्छौं भने हाम्रो कर्म पनि निष्काम हुनुपर्छ, हाम्रो कर्म पनि अनासक्त हुनुपर्छ। हामी सदैव शुभ कर्म, पुष्य कर्म गर्छौं तर केवल शुभ कर्म, पुण्य कर्म गर्नु नै पर्याप्त हुँदैन, किनभने कामना र आसक्तिको साथ गरिएको पुण्य कर्म, शुभ कर्म पनि अन्ततः हाम्रो लागि बन्धनको नै कारण बन्छ, दुःखको कारण बन्छ । कामना र आसक्तिपूर्ण कर्म पनि हाम्रो आनन्दमा बाधक हुन्छ, हाम्रो मुक्ति र मोक्षमा बाधक हुन्छ र ईश्वरोपलब्धिमा बाधक हुन्छ ।

यसैले हामीले शुभ कम गर्नुछ भने पुण्य कर्म गर्नुपर्छ तर कामनारहित भएर, अनासक्त भएर, कर्ममा कर्तापनको भावनाबाट मुक्त भएर, कर्ममा सफलता मिलोस् वा असफलता त्यसबाट अविचलित भएर, जीवनमा मान मिलोस् वा अपमान, जीवनमा हर्ष प्राप्त होस् वा विषाद दुवैमा सम रहेर, दुवै स्थितिमा अविचलित रहेर । किनभने जब हामी स्वयंलाई कर्मको परिणामसँग जोड्छौं, कर्मफलसँग जोड्छौं भने हामी सदैव सुख र दुःखको पिङमा झुलिरहन्छौ, हामी सदैव व्यथित र आकुल रहन्छौं किनभने कर्मको परिणाम कुनै बेला हाम्रो आशा अनुकूल आउन सक्छ र कहिले प्रतिकूल पनि । अनुकूल परिणाम पाउँदा हामी हर्षित हुन्छौं भने प्रतिकूल परिणाम पाएपछि दुःखी हुन्छौं । अतः हामीले कर्ममा, कर्मफलको आशा र आसक्ति त्यागनुपर्छ अनि मात्र हामी सुख र दुःख, हर्ष र विषाद, आशा र निराशाभन्दा माथि उठेर, ती दुवैबाट मुक्त भएर स्थायी आनन्दको अनुभूति गर्न सक्छौं ।

जस्तै हामी स्वयंलाई खेलको परिणामसँग जोड्छौं, हार र जीतसँग जोड्छौं, तब हामी स्वयंलाई त्यस कर्मको बन्धनमा बाँध्छौं। यसैले हामी पराजयी भएपछि दुःखी हुन्छौं र विजयी भएपछि सुखी हुन्छौं र त्यसपछि हामी त्यस खेलको आनन्द लिन पाउँदैनौं । तर जब हामी त्यस खेललाई मात्र द्रष्टा भावले देख्छौं, साक्षी भावले देख्छौं, एउटा ज्ञानी, कर्मयोगीको दृष्टिले देख्छौं तब त्यस खेलको परिणाम जेसुकै होस्; हार होस् वा जीत, हामीलाई न हर्ष हुन्छ, न दुःख। किनभने तब हामी खेललाई मात्र खेलको दृष्टिले हेर्छौं–त्यस खेलमा पाइने परिणाम वा हार–जीतको दृष्टिले हेर्दैनौं ।

जीवन एउटा रङ्गमञ्च हो, जहाँ हामी विविध प्रकारको खेल खेल्न, जहाँ हामी विविध प्रकारको भूमिका निर्वाह गर्छौं। हामी ती विविध भूमिकामा हुनुपर्छ, जिउनु छ तर ती भूमिकाबाट बाँधिनुहुन्न, त्यसको परिणामबाट बाँधिनुहुँदैन। जीवनमा जय–पराजय, हानि–लाभ, यश–अपयश, मान–अपमान, हर्ष–विषाद त आउँछ नै, तर यदि हामीमा एक योगी, ज्ञानी, कर्मयोगीको दृष्टि रहँदैन भने हामी ती विपरीत र अनुकूल परिस्थितिमा अविचलित नरहन सक्छौं, अप्रभावित नरहन सक्छौं र हामी जीवनभर व्यथित, व्याकुल, व्यग्र र शोकग्रस्त नै बनिरहन्छौं र वास्तविक आनन्दबाट वञ्चित रहन्छौं।

योगी, ज्ञानीले आफ्नो ज्ञानदृष्टिबाट संसारलाई हेर्छन्, त्यसैले विविध कर्ममा रत रहेर पनि आसक्त रहँदैनन्, त्यसैलेसदा आनन्दित रहन्छन्, सदा प्रसन्नचित्त रहन्छन्, सदा शान्त र प्रफुल्ल रहन्छन्। तिनले केवल कर्मका लागि कर्म गर्छन् र त्यसपछि कर्म परिणाम अनुकूल होस् वा प्रतिकूल– त्यसबाट सदैव अविचलित रहन्छन्, अप्रभावित रहन्छन् ।

यसैले हामी संसारमा रहेर आफ्नो कर्तव्य पालना गर्ने र जीवनमा हरेक कर्मलाई ज्ञानको दृष्टिले गर्ने र ज्ञानकै दृष्टिले हेर्ने तथा आफ्नो हरेक कर्मलाई एवं कर्मफललाई ईश्वरमा समर्पित गर्नुपर्छ। शोक होस् वा हर्ष, हरेक स्थितिमा हामी आनन्दित रहन सक्छौं, प्रफुल्लित रहन सक्छौं । कविवर श्री हरिवंशराय बच्चनले 'जो बीत गई सो बात गई' नामक कवितामा प्रयुक्त पङ्क्ति यस प्रकारको भाव मुखरित गरेका छन्–

जीवन मे एक सितारा था
माना वह बेहद प्यारा था
वह डूब गया तो डूब गया
अम्बर के आनन को देखो
कितने इसके तारे टूटे
पर बोलो टूटे तारों पर
कब अम्बर शोक मनाता है ।
जो बीत गई सो बात गई ॥
मृदु मिट्टी के हैं बने हुए
मधु घट फूटा ही करते हैं
लघु जीवन लेकर आए हैं
प्याले टूटा ही करते हैं
फिर भी मदिरालय के अन्दर
मधु के घट हैं मधु प्याले हैं
जो मादकता के मारे हैं
वो मधु लूटा ही करते हैं
वह कच्चा पीने वाला है
जिसकी ममता घट प्यालों पर
जो सच्चे मधु से जला हुआ
कब रोता है चिल्लाता है ।
जो बीत गई सो बात गई ॥

निष्काम कर्म, अनासक्त कर्मले हाम्रो आध्यात्मिक जीवन मात्र होइन, भौतिक जीवनलाई पनि निकै उपयोगी र आनन्ददायी बनाउँछ । यसैले शास्त्रमा सदैव निष्काम कर्म गर्ने प्रेरणा दिइन्छ। इशावास्योपनिषद्को प्रस्तुत मन्त्रमा पनि निष्काम कर्मको महिमा प्रकाशित गर्दै भनिएको छ–

**कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतँ समाः ।**
**एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥**

अर्थात् यस जगत्मा शास्त्रनियत कर्म गर्दै सय वर्षसम्म बाँच्ने इच्छा गर । यसप्रकार पूरै जीवन परमेश्वरमा समर्पित गर । यस्तो गर्नाले तिमीद्वारा गरिएको कर्मले तिमीलाई बन्धनमा पार्दैन । कर्म गर्दै कर्मबाट निर्लिप्त हुनुको यही एकमात्र मार्ग हो । यसको अतिरिक्त अन्य कुनै पनि मार्गले कर्मबन्धनबाट मुक्त दिने छैन।

गीताको प्रस्तुत श्लोकमा पनि हाम्रो लागि कर्मयोग अर्थात् निष्काम कर्म, अनासक्त कर्मकै उपदेश छ, आदेश छ, सन्देश छ ।

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥**
**योगस्थः कुरु कर्माणि सङ्गं त्वक्त्वा धनञ्जय ।**
**सिद्धयसिद्धयोः समो भूत्वा समत्वं योग उच्यते ॥**
**बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।**
**तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥**
**ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥**
**त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।**
**कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥**

अर्थात् कर्म गर्नु तिम्रो अधिकार हो, त्यसको फलमा होइन। यसैले कर्मफलको लागि होइन तथा कर्म गर्नमा पनि आसक्ति नहोस् ।

हे धनञ्जय ! आसक्ति त्यागेर तथा सिद्धि र असिद्धिमा समान बुद्धिवाला भएर योगमा स्थित कर्तव्य–कर्म गर, किनभने समत्व नै योग हो ।

निष्काम कर्मयोगीले पुण्य र पाप, दुवैलाई यसै लोकमा त्याग गर्छ अर्थात् त्यसबाट मुक्त हुन्छ । यसर्थ समत्वरूप योगमा लाग, यो समत्वरूप योग नै कर्म कुशल हुन्छ अर्थात् कर्मबन्धनबाट छुट्ने उपाय हो ।

जसको समस्त कर्म ज्ञानरूप अग्निद्वारा भस्म भएको छ, त्यस महापुरुषलाई ज्ञानीजनले पनि पण्डित भन्छन्। जो पुरुष समस्त कर्म र त्यसको फलको आसक्ति त्यागेर संसारको आश्रयबाट रहित हुन्छ र परमात्मा नित्य तृप्त छ, त्यो कर्ममा राम्रो गरेर पनि वास्तवमा केही पनि गर्दैन ।

त्यसै प्रकार महानिर्वाणतन्त्रको प्रस्तुत श्लोकमा पनि निष्काम कर्मको प्रेरणा यस प्रकार दिइएको छ–

**ब्रह्मनिष्ठो गृहस्थः स्यात् ब्रह्मज्ञान परायणः ।**
**यद्यत्कर्म प्रवकुर्वीत तद् ब्रह्मणि समर्पयेत ॥**

अर्थात् गृहस्थ ब्रह्मनिष्ठ हुनुपर्छ तथा ब्रह्मज्ञानको लाभ नै उसको जीवनको चरम लक्ष्य हुनुपर्छ, तर पनि निरन्तर आफ्नो कर्म गर्दै रहनुपर्छ, कर्तव्यपालन गर्दै रहनुपर्छ र आफ्नो समस्त कर्मको फल ईश्वरमा अर्पण गर्नुपर्छ ।

सन्त कबीरले कर्मयोगको भाव–प्रेरणा यस प्रकार दिएका छन्–

**काला मुख कर करम का, आदर लाओ आग।**
**लोभ बडाइ छाडिके, रांचो गुरु के राग॥**

अर्थात् कर्मको मुख कालो गर र आदर सम्मानमा आगो लगाऊ, तथा लोभ–बढाइँ त्यागेर गुरुज्ञानको आलाप अलाप (गुणगान) गर ।

यदि हामी आफ्नो जीवनमा शाश्वत सुख र शान्ति चाहन्छौं, लौकिक र पार लौकिक जीवन, भौतिक र आध्यात्मिक जीवनमा खुशीको रङ्ग भर्न चाहन्छौं र जीवनको परम लक्ष्य प्राप्त गर्न चाहन्छौं भने सतत् निष्काम, अनासक्त कर्म गर्दै कर्मबन्धनबाट मुक्त रहनुपर्छ, किनभने निष्काम कर्म कर्मबन्धनबाट मुक्तिको श्रेष्ठ र अचूक मार्ग हो र कर्मबन्धनबाट मुक्त हुनेबित्तिकै हामी सदाका लागि आल्हादित र आनन्दित हुन सक्छौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड परीक्षण प्रावधान हटायो

वाशिंगटन, २८ जेठ/एपी

संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड-१९ को अनिवार्य कोभिड-१९ सङ्क्रमण नभएको चिकित्सकीय परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्ने प्रावधानलाई आगामी आइतवारदेखि हटाएको हो।



तस्वीरः फाइल

परीक्षण गर्नुपर्ने प्रावधान हटाएको छ।

वाइडेन प्रशासनले अन्तर्राष्ट्रिय उडानमा जानु एक दिनभित्र यात्रीहरूले

रोग रोकथाम तथा नियन्त्रण निकायहरूले सङ्क्रमणको निरन्तर अनुगमन गर्ने जनाउँदै अन्तर्राष्ट्रिय यात्राका बेला पेश गर्नुपर्ने 'कोभिड-१९ नेगेटिभ रिपोर्ट' को अनिवार्य प्रावधानलाई आइतवार सखारैदेखि खारेज गरिएको बताएका हुन्।

परिस्थिति परिवर्तन भएमा परीक्षणको आवश्यकता पुनः समीक्षा गरिने पनि उनीहरूले बताएका छन्।

कोभिड-१९ विरुद्ध लडाइँमा भएको प्रगतिका कारण प्रतिबन्ध हटाइएको स्वास्थ्यमन्त्री जेभियर बेसेराले बताए। यद्यपि यात्रीहरूले कोभिडविरुद्ध खोप लगाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

विमान कम्पनी तथा पर्यटन उद्योगहरूले परीक्षणको प्रावधान हटाउन अमेरिकी प्रशासनलाई महीनौंदेखि दबाब दिइरहेका थिए भने यात्रीहरू पनि अन्तर्राष्ट्रिय यात्रा गर्न निरुत्साहित भएका थिए।

युएस ट्राभल एसोसिएशनका अध्यक्ष रोजर डाउले परीक्षणको प्रावधान हटाउनुलाई आन्तरिक एवं अन्तर्राष्ट्रिय यात्राका निम्ति ठूलो कदम भएको प्रतिक्रिया दिएका छन्।

## पाकिस्तानको दिगो आर्थिक विकासका निम्ति नब्बे खर्ब ५० अर्बको बजेट

इस्लामाबाद, २८ जेठ/सिन्ह्वा

देशको दिगो एवं समावेशी आर्थिक विकासका योजनालाई केन्द्रमा राखेर पाकिस्तानले आगामी वर्षका निम्ति रु ९० खर्ब ५० अर्बको बजेट सार्वजनिक गरेको छ।

वित्तीय चुनौती बढेको वर्तमान अवस्थामा सन्तुलित एवं जनता केन्द्रित बजेट ल्याइएको अधिकारीहरूले बताएका छन्।

शुक्रवार सङ्घीय अर्थमन्त्री मिफता इस्माइलले संसद्को तल्लो सदनमा बजेट प्रस्तुत गर्दै त्यसले देशको दिगो आर्थिक विकासलाई केन्द्रमा राखेको र आगामी वर्ष पाँच प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको बताए।

कुल रु नौ खर्ब ५० अर्बको बजेटमध्ये कर्जा प्रवाहका लागि रु तीन अर्ब ९५ करोड र रु आठ खर्ब सार्वजनिक क्षेत्र विकास कार्यक्रमका निम्ति विनियोजन गरिएको जानकारी दिंदै अर्थमन्त्री इस्माइलले रक्षा खर्चका लागि रु १.५२३ खर्ब छुट्याइएको बताए।

बजेटमा गरीब जनताको हितमा लक्ष्यित अनुदानका लागि रु छ खर्ब ९९


अर्थमन्त्री मिफता इस्माइल। तस्वीरः सिन्ह्वा

अर्ब र विपन्न वर्गको उत्थानका लागि सञ्चालन गरिने अन्य कार्यक्रमका निम्ति रु एक अर्ब ४२ करोड अनुदान प्रस्ताव गरिएको छ। त्यसैगरी बजेटमा सङ्घीय राजस्व रु सात खर्ब र गैरराजस्व रु दुई खर्ब हुने अनुमान गरिएको छ।

बजेटलाई सन्तुलित, प्रगतिशील एवं जनहितकारी भनी संज्ञा दिंदै प्रधानमन्त्री शहबाज शरीफले आर्थिक जोखिमका प्रभाव घटाउन र जनताका समस्या कम गर्न आफ्नो सरकारले कठोर निर्णय लिंदै चुनौतीहरूबाट बाहिर निस्कने बताएका छन्। रासस

## बोलिभियाकी पूर्व राष्ट्रपति अनेजलाई १० वर्ष जेल सजायको फैसला

लापाज, २८ जेठ/एएफपी

बोलिभियाकी पूर्व राष्ट्रपति जेनिन अनेजलाई १० वर्षको जेल सजायको फैसला भएको छ। उनलाई गिरफ्तार गरेको झन्डै एक वर्षपछि अदालतले शुक्रवार १० वर्ष जेल सजाय दिने फैसला गरेको हो।

अहिले ५४ वर्षकी अनेजलाई गत वर्ष सन् २०२१ को मार्चमा गिरफ्तार गरेर अदालतमा सुनुवाइ र अनुसन्धान प्रक्रिया चलाइएको थियो।

उनले आफूमाथि लागेको आरोप अस्वीकार गर्दै आएकी छन्। आफूलाई राजनीतिक पूर्वाग्रहका आधारमा झूटा आरोप लगाइएको उनको भनाइ छ।

पूर्व राष्ट्रपति अनेजले आरोपलाई अस्वीकार गरेपनि अदालतले दोषी ठहर गर्दै कारागार सजाय दिनुपर्ने फैसला गरेकोले उनले महिला कारागारमा तोकिएको समय बिताउनुपर्ने भएको छ। उनलाई लापाजस्थित कारागारमा राखिने अधिकारीहरूले जनाएका छन्।

उनले संविधानले दिएको आफ्नो जिम्मेवारी र अधिकारभन्दा बाहिर गएर अपराध गरेको देखिएकोल सजाय गर्ने फैसला गरिएको अदालतको भनाइ छ।

उनका विपक्षीहरूले भने उनलाई कम्तीमा १५ वर्ष जेल सजाय हुनुपर्ने माग अदालतसँग गरेका थिए। उनलाई राष्ट्रपति हुनु अघि सिनेटर भएको बेला देखिकै विभिन्न आरोपहरू लगाइएको छ। दक्षिणपन्थी अनेज सन् २०१९ को नोभेम्बरदेखि ठीक एक वर्ष बोलिभियाको अन्तरिम राष्ट्रपति बनेकी थिइन्। त्यस अघि उनी बोलिभियाको सिनेटको उपाध्यक्ष भएकी थिइन्। उनले तत्कालीन राष्ट्रपति इभो मोरालेजले राजीनामा दिएपछि आफैंलाई अन्तरिम राष्ट्रपति घोषणा गराएकी थिइन्।

मोरालेजले गराएको निर्वाचनमा धाँधली भएको भन्दै देशभरि चर्को विरोध भएपछि उनले राजीनामा दिन बाध्य हुनुपरेको थियो। राजीनामापछि आफूलाई असुरक्षित महसूस गर्दै उनले मेक्सिकोमा शरण लिएका थिए। उनले देश छाडेकोले पनि अन्तरिम राष्ट्रपतिको जिम्मेवारी सम्हाल्न अनेजलाई सजिलो भएको थियो।

राजनीतिमा आउनुभन्दा पहिले उनी अधिवक्ता तथा लोकप्रिय टेलिभिजन कार्यक्रम प्रस्तोतासमेत थिइन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — व्यापारवृद्धि | वृष — कडाश्रम |
| मिथुन — ज्ञानोदय | कर्कट — भयचिन्ता |
| सिंह — मित्रमिलन | कन्या — अतिथिआगमन |
| तुला — सुयश | वृश्चिक — खर्चवृद्धि |
| धनु — अन्नलाभ | मकर — सफलता |
| कुम्भ — ईश्वरभक्ति | मीन — रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्नेगरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। त्यस्ता कार्य गरेको पाइएमा कानूनबमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**

## स्वास्थ्य शिविरमा १४२ जनाको स्वास्थ्य परीक्षण

प्रस, वीरगंज, २८ जेठ/

एमनेस्टी इन्टरनेशनल नेपाल वीरगंजको आयोजनामा नृसिंह माविमा एक दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ। बिहान ११ बजेदेखि आयोजना भएको शिविरमा १४२ जना किशोरी तथा महिलाको स्वास्थ्य परीक्षण भएको थियो।

संस्थाका अध्यक्ष राजे जैनको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज-१४ पिपरा, वीरगंज-१५ लक्ष्मनवा र भेडियाहीका मानिसको स्वास्थ्य परीक्षण गरिएको थियो।

स्वास्थ्य परीक्षण शिविर शुरू हुनुभन्दा अघि किशोरावस्थामा शुरू हुने महीनावारीको कारण छात्राहरूमा पर्ने असर तथा त्यस बेला अँगाल्नुपर्ने सावधानी बारे ओम हस्पिटल बिर्ताका स्त्री तथा प्रसूत रोग विशेषज्ञ डा. जगद दीपले परामर्श दिएका थिए।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तव, सशस्त्र प्रहरी पर्साका डिएसपी सुमन थापा, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको सहभागिता थियो।



तस्वीर : प्रतीक

## सरकारको प्राथमिकता : पृथ्वी राजमार्गको विकल्प "बुद्धसिं मार्ग"

दमौली, २८ जेठ/रासस

पृथ्वी राजमार्गको विकल्पका रूपमा रहेको बुद्धसिं मार्ग कालोपत्र गरिने भएको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा तनहुँको दमौलीदेखि चितवनको घुमाउनेसम्म जोडिने बुद्धसिं मार्ग कालोपत्र गर्न लागिएको हो।


बद्धसिंह मार्गमा निर्माणाधीन पुल। तस्वीरः सौजन्य

दमौलीदेखि सुढेसम्मको दश किलोमिटर सडक कालोपत्रका लागि टेन्डर भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ। कार्यालयका अधिकृत दधिराज पौडेलले उक्त सडकखण्डमा कालोपत्रका लागि टेन्डर निकालिएको जानकारी दिए। प्रदेश सरकारले यो मार्गलाई प्राथमिकतामा राखेको छ। प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले यस वर्ष उक्त सडकका लागि रु ४६ करोड बजेट विनियोजन गरिएको जानकारी दिए।

"प्रदेश सरकारले यो मार्गलाई प्राथमिकतामा राखेको छ, नीति तथा कार्यक्रममा पनि समावेश भएको छ"- विश्वकर्माले भने-"पृथ्वी राजमार्गको विकल्प बन्न सक्ने यो बाटो स्तरोन्नतिमा प्रदेश सरकार प्रतिबद्ध छ।" चितवनको घुमाउनेमा पक्की पुल नहुँदा दमौलीबाट गएका सवारी साधन पार गर्न मिल्दैन। "घुमाउनेमा पुल निर्माणमा ढिलाइ भएकोले पनि भएको वैकल्पिक मार्ग प्रयोग गर्न सकिएको छैन"- उनले भने।

विसं २०७५ माघमा सम्झौता भएको पुल विसं २०७८ पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने समयसीमा थियो। पुलको काम ३० प्रतिशत मात्रै सकिएको छ। हेटौंडास्थित मृत सञ्जीवनी कम्पनीले पुलको डिजाइन परिवर्तन र मुग्लिङ-नारायणगढ सडक आयोजनाको अवरोधका कारण काममा ढिलाइ भएको दाबी गर्दै आएको थियो।

१०५ मिटर लम्बाइ र फूटपाथसहित ११ मिटर चौडाइ रहने उक्त पुल आधुनिक 'आर्क' डिजाइनमा बन्नेछ।

पुलको लागत रु आठ करोड २६ लाख रहेको छ। उक्त पुल निर्माण सम्पन्न भएपछि गण्डकी प्रदेशको राजधानी पोखरासहित विभिन्न जिल्लाका नागरिकलाई चितवनसहित पूर्वी र पश्चिम तराई पुग्ने दूरी २५ किलोमिटर छोटो हुन्छ।

पोखरा-नारायणगढ सडकको विकल्पमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्लामा जान समय बचत हुन्छ। उक्त पुल निर्माणपछि घुमाउनेबाट तनहुँ सदरमुकाम दमौली निस्कन अहिले प्रयोग भइरहेको मुग्लिङ, आबुखैरेनी र डुम्रे हुँदै जाने सडकभन्दा २५ किलोटिमर छोटो पर्न जान्छ।

तनहुँको दमौलीदेखि घुमाउनेघाटसम्म नियमित साना बसहरू तथा दुईपाङ्ग्रे सवारी साधन आउनेजाने गरे पनि दुईपाङ्ग्रे सवारी साधन भने झोलुङ्गेपुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छन् भने बस तथा अन्य सवारी साधन पुलको अभावमा उतै रोकिन बाध्य छन्।

धेरै वर्ष पहिले यो सडकको ट्र्याक खोलिए पनि बजेट अभावमा काम अगाडि बढ्न सकेको छैन। पोखरा र दमौलीलाई नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंह मार्गमा पर्ने साराङघाट केही वर्ष अघिसम्म सुनसान र उजाड थियो। सडकको ट्र्याक खुलेसँगै यो मार्गमा अहिले व्यापारिक चहलपहलसमेत बढेको छ।

बुद्धसिं मार्गमा यातायात सञ्चालन शुरू भएपछि सडक क्षेत्रमा पर्ने साना बस्ती अहिले बजार बनेका छन्। यो सडक अन्तर्गत पर्ने सबैभन्दा ठूलो बजार सराङघाट हो। बुद्धसिंह मार्गमा हाल दमौलीबाट दैनिक ६-७ वटा बस र उत्तिकै सङ्ख्यामा जीपहरू चल्ने गर्छन्। उक्त सवारी साधन आबुखैरनी गाउँपालिका-६ को घुमाउनेसम्म पुगेर पुनः दमौली फर्कन्छन्। घुमाउनेमा मोटरेबल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन्। मोटरसाइकल भने डोऱ्याएर मुग्लिङ-नारायणगढ सडकखण्डसम्म ल्याउन सकिन्छ।

## फैलँदै मनसुन

काठमाडौं, २८ जेठ/रासस

यस वर्षको मनसुन प्रणाली चार प्रदेशमा प्रवेश गरेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार प्रदेश नं एक, मधेस प्रदेश, बाग्मती र गण्डकी प्रदेशमा मनसुन प्रणाली प्रवेश गरेको हो।

देशका बाँकी भूभागमा केही दिन पछि मनसुन प्रणाली प्रवेश हुने अनुमान गरिएको छ।

यस वर्षको मनसुन सरदर मितिभन्दा अगाडि नै नेपालको पूर्वी भूभागमा प्रवेश गरेको थियो। नेपालमा मनसुन भित्रिने सरदर मिति जून १३ हो। देशको पूर्वी भेगबाट मनसुन प्रवेश गरी क्रमशः पश्चिमतर्फ विस्तार हुन्छ। जूनदेखि सेप्टेम्बरसम्म चार महीनाको अवधिलाई दक्षिण एशियाली क्षेत्रमा मनसुनको अवधि भनिन्छ।

दिउँसो प्रदेश १, मधेस प्रदेश, बाग्मती र गण्डकी प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली र ही अन्य प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ।



प्रदेश १, मधेस प्रदेश, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा तथा अन्य प्रदेशका पहाडी भूभागका एक दुई स्थानमा मेघ गर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको बताइएको छ।

### धनुषाका सात पालिका......

के कुरामा ध्यान दिनेलगायत विषय वस्तु समेटेर सुरक्षाकर्मीले विपद् पूर्वाभ्यास प्रस्तुत गरेका थिए।

मनसुनजन्य प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास कार्यक्रममा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले विपद् कसैलाई सोधेर वा भनेर नआउने हुँदा विपद्को समयमा सचेत भई त्यसबाट हुन सक्ने क्षति कम गर्न सकिने बताए।

उनले जनकपुरधाम पनि विभिन्न नदीका कारण बाढीको जोखिममा रहेकोले नदी नियन्त्रणका लागि प्रयास गरिने प्रतिबद्धता व्यक्त गर्दै बाढीबाट हुने धनजनको क्षति रोक्न विपद् पूर्वाभ्यास कार्यक्रम महत्त्वपूर्ण हुने बताए।

धनुषाका प्रमुख जिल्ला अधिकारी पौडेलले विपद् व्यवस्थापनका लागि तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको भन्दै स्थानीय तहले पनि विपद् न्यूनीकरण गर्न आवश्यक योजना, कार्यक्रम बनाएर कार्यान्वयनमा जानुपने बताए।

# झोटी ५ दशकदेखि दर्शकलाई हसाउँदै छन्


प्रस, परवानीपुर, २८ जेठ/

भोजपुरी लोकनाचका चर्चित जोकरको नाम हो झोटीलाल (राम)। उनको घर पर्सा, बहुदरमाई नपा–७ फुलकौल र ससुराली वीरगंज–१७ अलौ हो। उनी ७० वर्षका भइसकेका छन् तर अहिले पनि उनको कलाकारिताले निरन्तरता पाइरहेको छ।

२० वर्षकै उमेरमा आफ्नै गाउँ फुलकौलको नाचमा क्यारियर शुरू गरे। त्यसपछि बलुवाको नाचमा १५ वर्ष, तीन लखियाको नाचमा दुई वर्ष, बिहारको अनन्दीगंज बेल्वाको नाचमा १३ वर्ष र अहिले पुनः आफ्नै गाउँ फुलकौलकै रूपा ठाकुरको नाचमा आबद्ध छन्।

वर्षमा अढाई लाखको सलिन्दा पारिश्रमिक लिने झोटीले नाचबाटै १० कठ्ठा जग्गा किने, तीन छोरा, दुई छोरी गरी पाँचजनाको परिवार पालेर हुर्काए। उनले पुरानो समयमा नाचको महत्त्व निकै रहे पनि अहिले मोबाइल, टिभी, ट्याब, सिनेमालगायत मनोरञ्जनका प्रशस्त साधन भएकाले मौलिक नाचको अस्तित्व ओझेलमा पर्दै गएको बताए।

उनले जुन कलाकारसँग वास्तविक कला र प्रतिभा छ, उसले पैसा कमाउन कठिन नभएको चर्चा गर्दै भोजपुरी नाचलाई थिएटरमा प्रस्तुत गर्न वीरगंजमा थिएटर कल्चर विकास गर्नु आवश्यक रहेको सुझाव दिए। उनको चुटकिला तथा हास्यव्यङ्ग्यसहितको प्रस्तुति हेर्न दर्शक राति १ बजेसम्म नाच हेर्छन्, अनि पेट मिचिमिची हाँस्छन्।



# छोराद्वारा पिताको हत्या

प्रस, सिम्रौनगढ, २८ जेठ/

बाराको सीमावर्ती भारतको पूर्वी चम्पारण जिल्ला पताहीथाना क्षेत्रको गोनाही गाउँमा एकजना छोराले आफ्नै पिताको हत्या गरेको छ।

हत्या हुनेमा स्थानीय ७५ वर्षीय चन्द्र सिंह रहेका छन्।

उनका पुत्र रामविनय सिंहले बाबुको हत्या गरेका हुन्।

खेतमा मुंग तोड्ने विषयमा पिता पुत्रबीच बिवाद बढी झडप हुदा पुत्र रामविनय सिंहले पिता चन्द्र सिंहलाई कोदालोले प्रहार गर्दा उनको मृत्यु भएको थियो।

# भारत सरकारको अनुदानमा निर्मित दुई तल्ले भवन उद्घाटन

प्रस, वीरगंज, २८ जेठ/

भारत सरकारको अनुदान सहयोगमा निर्मित सर्लाही, लालबन्दी नपा–१७ स्थित श्रीफौद सिंह जनता माविको दुई तले भवनको उद्घाटन भएको छ।



तस्वीरः प्रतीक

विद्यालय परिसरमा आयोजित समारोहमा मधेस प्रदेशका सामाजिक विकासमन्त्री नवलकिशोर साह (सुडी) तथा भारतीय महावाणिज्यदूत नीतेश कुमारले भवनको उद्घाटन गरेका थिए।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, पदाधिकारी, रानीगंजका जनतालगायत सरोकारवाला उपस्थित थिए। करीब ७८ लाखमा निर्माण भएको उक्त परियोजना भारतको स्वतन्त्रताको ७५ औं वर्ष 'आजादीका अमृत महोत्सव' अन्तर्गत उद्घाटन गरिएको परियोजनामध्ये एक हो। नयाँ भवनले शिक्षाको वातावरण सिर्जना गर्नुका साथै सर्लाही जिल्लामा शिक्षाको विकासमा टेवा पुऱ्याउने विश्वास लिइएको छ।

भारतले नेपालमा ५२७ उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसिडिपीहरू) लिएको छ र सातवटै प्रदेशकै तल्लो तहमा स्वास्थ्य, शिक्षा, खानेपानी पहुँच, सरसफाइ र अन्य सार्वजनिक सुविधा निर्माणको क्षेत्रमा ३७१ परियोजना पूरा गरेको छ। तीमध्ये २० आयोजना सर्लाही जिल्लामा छन्।

यीबाहेक भारत सरकारले विभिन्न स्वास्थ्य चौकी/एनजिओहरूलाई ३१ वटा एम्बुलेन्स र सर्लाही जिल्लामा एउटा स्कूल बस उपहार दिएको छ।

# कक्षा १२ का विद्यार्थीको बिदाई कार्यक्रम

प्रस, वीरगंज, २८ जेठ/

वीरगंजमा सञ्चालित डेसिमल सिआइटिई कलेज वीरगंजका सञ्चालक सुधीर गुरागाईं,



तस्वीरः प्रतीक

कलेजको आयोजनामा कक्षा १२ को छात्रछात्राहरूको बिदाई समारोह सम्पन्न भएको छ।

साह दरबार पार्टी प्यालेसमा आयोजित समारोहमा कक्षा १२ का १३० विद्यार्थीहरूलाई बिदाई गरिएको थियो। कलेज सञ्चालक समितिका अध्यक्ष सन्नी कुमार दुबेको अध्यक्षतामा सम्पन्न समारोहमा बागमती प्रदेश, बुद्धिजीवी सचिवालय सदस्य ईश्वरचन्द्र पौडेल, बारा,परवानीपुर गापाका शिक्षा प्रमुख विद्यानन्द यादव, कलेज निर्देशक रञ्जीत पण्डितलगायतको सहभागिता थियो।

समारोहको अवसरमा विद्यार्थीहरूले विभिन्न कार्यक्रम प्रस्तुत गरेका थिए। कलेजमा वाणिज्य र कानून सङ्कायको पढाइ हुने गरेको छ भने आगामी शैक्षिक सत्रदेखि विज्ञान पनि अध्यापन गराउने कलेजको तयारी रहेको छ।

# धनुषाका सात पालिका बाढीजन्य विपद्को उच्च जोखिममा

जनकपुरधाम, २८ जेठ/रासस

बाढीजन्य विपद्को दृष्टिकोणले धनुषाको १८ स्थानीय तहमध्ये सातवटा पालिका उच्च जोखिममा छन्।

जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार विभिन्न नदीमा आउने बाढीका कारण नदी आसपासमा पर्ने धनुषाको सातवटा पालिका उच्च जोखिममा छन्। धनुषाको कमला नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, नगराइन नगरपालिका, धनौजी गाउँपालिका, मुखियापट्टी मुसहरनियाँ गाउँपालिका र जनकनन्दनी गाउँपालिका बाढीजन्य विपद्को हिसाबले उच्च जोखिममा रहेको जिल्ला विपद् व्यवस्थापन समितिका सभापति तथा धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए।

बाढी पहिरोको उच्च जोखिममा रहेका स्थानीय तहका विभिन्न वडाले बर्सेनि डुबान र कटानको समस्या भोग्दै आएका छन्। उनका अनुसार बाढीजन्य विपद्को दृष्टिले धनुषाको पाँच पालिका मध्यम जोखिममा र छ पालिका न्यून जोखिममा छन्। जिल्लाको जनकपुरधाम उपमहानगरापालिका, गणेशमान चारनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, विदेह नगरपालिका र औरही गाउँपालिका बाढीजन्य विपद्को दृष्टिले मध्यम जोखिममा रहेको जिल्ला विपद् व्यवस्थापन समिति धनुषाले जनाएको छ।

यस्तै जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका, मिथिला बिहारी नगरपालिका, मिथिला नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, बटेश्वर गाउँपालिका, हंसपुर गाउँपालिका न्यून जोखिममा रहेका छन्। कमला खोला, जमुना खोला, औरही खोला, बहरी खोला, बसही खोला र जलाद खोलामा आउने बाढीका कारण बर्सेनि ठूलो धनजनको क्षति हुने गरेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले बताए।

अघिल्लो वर्ष विपद्का कारण धनुषामा चारजनाको मृत्यु भएको थियो भने करीब रु डेढ करोड मूल्य बराबरको धनमाल क्षति भएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ। विपद्मा परेर मृत्यु भएका चारैजनाको परिवारलाई रु एक लाखको दरले राहत वितरण गरिसकेको धनुषाका सहायक प्रजिअ भण्डारीले बताए। यस्तै अघिल्लो वर्षको असिनापानी, हावाहुरी तथा बाढीबाट प्रभावित धनुषाको मिथिला नगरपालिका र बटेश्वर गाउँपालिकाका २२१ घर परिवारलाई दुई बन्डलका दरले जस्तापाता वितरण गरिएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ।

**मनसुनजन्य प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास**

बाढीजन्य प्रकोपका कारण बर्सेनि हुने धनजनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले जनकपुरधाममा मनसुनजन्य प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समिति धनुषाको आयोजना तथा धनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित नेपाली सेनाको श्रीनाथ गणको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले मनसुनजन्य प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास गरेका हुन्।

जनकपुरधामस्थित गङ्गासागर पोखरीलाई जिल्लाका मुख्य नदीको प्रतीकात्मकरूपमा चार भागमा विभाजित गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानको टोलीले बोटिङ, लाइफ ज्याकेटलगायत सामग्रीको सहायतामा विपद्मा परेकाको उद्धारसम्बन्धी कृत्रिम अभ्यास गरेको थियो। विपद्का समस्या पीडितलाई कसरी उद्धार गर्ने, बाढीमा पसेकालाई उद्धार गरेर सुरक्षित स्थानमा कसरी लैजाने, घाइतेको प्राथमिक उपचार कसरी गर्ने, उद्धारका क्रममा सुरक्षाकर्मी आफू कसरी सुरक्षित हुने र विपद्का बेला के

(बाँकी तेस्रो पातामा)

# आस्मान नेपालको बालिका शिक्षा तालीम शुरू

धर्मेन्द्र चौरसिया, पोखरीया, २८ जेठ/

गैरसरकारी संस्थाहरू आस्मान नेपाल–भिएसओ नेपालको संयुक्त



तस्वीरः प्रतीक

आयोजनामा आजदेखि तीन दिने तालीम वीरगंजको होटल भिस्वामा शुरू भएको छ। बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरूको मेन्टरिङ, मनोपरामर्श तथा प्राथमिक सहयोग विषयक तालीममा पर्साका छवटा पालिकाका उपप्रमुख, शिक्षा शाखा प्रमुख, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता थियो।

आस्मान नेपाल पर्साका कार्यक्रम प्रबन्धक शेखर सापकोटाको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा पोखरिया नपाकी उपप्रमुख रूबी ठाकुर, बहुदरमाई नपाकी उपमेयर सुषमा कुशवाहा, विन्ध्यवासिनी गापाकी उपाध्यष ज्योति चौरसिया, कालिकामाई गापाकी राजपति देवी, पकहामैनपुर गापाकी उपाध्यक्ष सरफुन नेशा, धोबिनी गापाकी उपाध्यक्ष मञ्जु देवी, वीरगंज महानगरका शैक्षिक प्रशासन महाशाखाका शिक्षा अधिकृत हरिराउत कुर्मी, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

बालिका शिक्षामा जोड दिई समाजलाई गुणस्तरीय शिक्षा प्रदान गर्न यो कार्यक्रम पर्सा, धादिङ, लमजुङ र सुर्खेतमा सञ्चालनमा छ।

पर्साको पोखरिया, बहुदरमाई, विन्ध्यवासिनी, पकहामैनपुर, कालिकामाई, धोबिनी, वीरगंज, पर्सागढी गरी आठवटा पालिकामा यो कार्यक्रम लागू भएको भिएसओ नेपालका कार्यक्रम संयोजक नीतिन सिंहले जानकारी गराए।

यस कार्यक्रम अन्तर्गत हरेक बालिकाको शिक्षामा केन्द्रित भएर स्थानीय स्तरमा कार्यक्रम बनाई पालिकाहरूले कार्यान्वयन गरी अधिकांश बालिकालाई शिक्षित तुल्याउनुको साथै विद्यालय बाहिर रहेका, ड्रप आउट भएका छात्राहरूलाई शिक्षासँग जोड्न र आत्मनिर्भर र स्वरोजगारी बनाउने उद्देश्य रहेको उद्घाटन सत्रमा जानकारी गराइएको थियो।

आवासीयरूपमा आयोजित तालीम सोमवारसम्म चल्नेछ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |







## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड